फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com


# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

प.सं.: वा.त.वि.व्य.शा.२०७७/०७८
च.नं.: ४३६

मिति: २०७८/०३/२५

विषय: निर्णय कार्यन्वयन सम्बन्धमा।

श्री महानगरपालिका (सबै),
श्री उपमहानगरपालिका (सबै),
श्री नगरपालिका (सबै)
श्री गाउँपालिका (सबै)।

राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको कार्यकारी समितिको १४५ औं बैठकको निर्णयको कार्यान्वयनको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलय, पूर्वाधार विकास महाशाखाको प.सं. २०७७/०७८, च.नं. खा.स./६२२/६०३१ को पत्र यसै साथ संलग्न छ। पत्रको व्यहोरा अवगत गरी तहाँसँग सम्बन्धित विषयको कार्यान्वयन गर्ने गराउने व्यस्थाको लागि आदेशानुसार अनुरोध छ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं,
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(पूर्वाधार विकास महाशाखा)

फोन नं. ४२११०११
४२१११९२
४२११०७६

सिंहदरबार,काठमाडौं
नेपाल ।

प.सं.: २०७७/७८
च.नं.: ख्वा'पि/६२२/६०३१

दर्ता नं.:- 6800
मिति - 3/16

मिति: २०७८/०३/१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार , काठमाडौं।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको च.नं. २१९५, मिति २०७८/०३/१३ को पत्र मार्फत प्राप्त कार्यकारी समितिको १४५औं बैठकको निर्णयको छायाँप्रति यसै साथ संलग्न राखी पठाइएको छ । उक्त निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहहरूलाई पत्राचार गरिदिने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

(प्रवीण कटवाल)
शाखा अधिकृत

दर्ता नं.:- 1329
मिति:- 3/18

३०२
३।१४

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(कर्मचारी प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौ
फोन : ०१-४२००५९०

पत्र संख्या :०७७/०७८
च.नं. : २१९५

मिति : २०७८/०३/१३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
द.नं. ६४९४
मिति २०७८।३।१३

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार ।

विषय: निर्णय सम्बन्धमा ।

यस प्राधिकरकणको मिति २०७८।०३।०६ गतेको १४५ औं कार्यकारी समितिको बैठकबाट तपशिल बमोजिम निर्णय भएको हुँदा आवश्यक कायार्थ तहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

"उपत्यका भित्रका सरकारी भवन एवं सार्वजनिक, सरकारी वा अर्ध सरकारी जग्गाहरु कुनै पनि सरकारी निजी वा अर्ध सरकारी संस्थालाई हस्तान्तरण गर्न वा भाडामा दिन बन्देज लगाउने व्यवस्थाको लागि कार्यकारी समितिको ६२औं बैठकको मिति २०७४/०१/१७को निर्णयवाट सम्बन्धित मन्त्रालयहरुमा अनुरोध गरिएकोमा यस प्राधिकरणको कार्यावधि समाप्त हुन लागेको र प्रचलित कानून अनुसार सम्बन्धित स्थानीय तह, प्रदेश सरकार एवं संघीय सरकार अन्तर्गतका निकायहरुले यस सम्बन्धमा आवश्यक व्यवस्था गर्ने नै भएकोले उपरोक्त बमोजिम बन्देज लगाउन आवश्यक नरहेकोले सोही अनुसार गर्न हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्बन्धित मन्त्रालयहरुलाई आवश्यक कार्यार्थ अनुरोध गर्ने ।"

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

श्री ... आवश्यक समन्वय
३।१३

पुनर्निर्माण प्राधिकरण, काठमाडौं, २०७२

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १४५औं बैठकको निर्णयहरु

**स्थान** : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरवार ।
**मिति** : २०७८-०३-०६ गते आईतवार ।
**समय** : दिउँसो ९:०० बजे ।

**निर्णय नं. १**

निर्देशक समितिको मिति २०७७/०६/०५ मा बसेको १७औं बैठकबाट नीजि आवास पुनर्निर्माण तथा प्रवलीकरणसँग सम्बन्धित लाभग्राहीले प्रचलित कानुन बमोजिम प्राप्त गर्ने अनुदानको अन्तिम किस्ता रकम २०७८ जेष्ठ मसान्त सम्ममा लिई सक्नु पर्ने निर्णय गरिएकोमा कोभिड १९ महामारीको दोस्रो लहरका कारण तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकेको हुँदा बाँकी रहेका नीजि आवास पुनर्निर्माण तथा प्रवलिकरण लाभग्राहीहरुले अन्तिम किस्ता रकम लिनका लागि २०७८ कार्तिक मसान्त सम्म सम्बन्धित वडा कार्यालयहरुमा निवेदन दिईसक्नु पर्ने गरी समयसीमा निर्धारण गर्न निर्देशक समितिको बैठकमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. २**

नीजि आवास पुनर्निर्माण तथा प्रबलीकरण लाभग्राहीमा सूचीकृत भएका कतिपय लाभग्राहीहरुले प्राविधिक खटिनुपूर्व वा प्राविधिक खटिए पश्चात् स्व-निर्माण सम्पन्न गरेका, तर प्राधिकरणले तोकेको नीजी आवास पुनर्निर्माण एवं प्रबलीकरणको मापदण्ड पुरा नगरेका कारण अनुदानको बाँकी किस्ता रकम पाउनबाट बञ्चित भएको देखिएकाले सम्बन्धित लाभग्राहीले प्राविधिकको सुझाव अनुसार स्वीकृत भूकम्प प्रतिरोधी मापदण्ड अवलम्बन गर्ने गरी सम्बन्धित लाभग्राहीहरुको लिखित प्रतिवद्धता लिने र सम्बन्धित स्थानीय तहको सिफारिसमा त्यस्ता लाभग्राहीहरुलाई अनुदानको बाँकी किस्ता रकम २०७८ कार्तिक मसान्त सम्ममा उपलब्ध गराउने गरी निर्देशक समितिको बैठकमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ३**

पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि २०७४ को दफा १२ बमोजिम केन्द्रिय गुनासो व्यवस्थापन समितिबाट सिफारिस भए अनुसार संलग्न तालिका -१ बमोजिम १७०५ (एक हजार सातसय पाँच) जना प्रवलीकरण लाभग्राहीहरुलाई पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने ।

नि. सचिव

तालिका नं. १

| क्र.सं | जिल्ला | लाभग्राही संख्या |
|---|---|---|
| १. | चितवन | २९ |
| २. | धादिङ | ४ |
| ३. | धनकुटा | २१ |
| ४. | दोलखा | ४८ |
| ५. | गोरखा | ६० |
| ६. | गुल्मी | ८ |
| ७. | कास्की | ४ |
| ८. | काभ्रेपलान्चोक | १०० |
| ९. | खोटाङ | ४ |
| १०. | ललितपुर | ८० |
| ११. | मकवानपुर | १९९ |
| १२. | नुवाकोट | १८ |
| १३. | ओखलढुंगा | ४४ |
| १४. | पर्वत | ३ |
| १५. | रामेछाप | ७२१ |
| १६. | सिन्धुली | १४७ |
| १७. | सिन्धुपाल्चोक | ४० |
| १८. | सोलुखुम्बु | १५७ |
| १९. | स्याङ्जा | १७ |
| २० | भक्तपुर | १ |
| जम्मा | | १७०५ |

निर्णय नं. ४

उपत्यका भित्रका सरकारी भवन एवं सार्वजनिक, सरकारी वा अर्ध सरकारी जग्गाहरु कुनै पनि सरकारी निजी वा अर्ध सरकारी संस्थालाई हस्तान्तरण गर्न वा भाडामा दिन बन्देज लगाउने व्यवस्थाको लागि कार्यकारी समितिको ६२औं बैठकको मिति २०७४/०१/१७को निर्णयवाट सम्बन्धित मन्त्रालयहरुमा अनुरोध गरिएकोमा यस प्राधिकरणको कार्यावधि समाप्त हुन लागेको र प्रचलित कानून अनुसार सम्बन्धित स्थानीय तह, प्रदेश सरकार एवं संघीय सरकार अन्तर्गतका निकायहरुले यस सम्बन्धमा आवश्यक व्यवस्था गर्ने नै भएकोले उपरोक्त बमोजिम बन्देज लगाउन आवश्यक नरहेकोले सोही अनुसार गर्न हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्बन्धित मन्त्रालयहरुलाई आवश्यक कार्यार्थ अनुरोध गर्ने ।

नि. सचिव

नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण २०७२ ... काठमाडौं

<u>निर्णय नं. ५</u>

रसुवा जिल्ला उत्तरगया गाउपालिका वडा नं. ५ तल्लो पहिरे एकिकृत वस्तीको लागि भूकम्प पिडित लाभग्राहीहरुलाई बसोवास गराउने प्रयोजनको लागि यस प्राधिकरणका सचिववाट मिति २०७७/१०/२५ मा निर्णय भए अनुसार जग्गा प्राप्ति सम्बन्धमा सार्वजनिक सूचना प्रकाशित भै मिति २०७७/१०/२८ बमोजिम खिल प्रसाद आचार्य सहित ७ जना जग्गा धनीहरुको ११ कित्ता जग्गामा विभिन्न कारण देखाई कार्यकारी समिति समक्ष उजुरी परेको सम्बनधमा मिति २०७८/०१/०७ को कार्यकारी समितिको बैठकवाट सहसचिव श्री भरत प्रसाद अर्यालको संयोजकत्वमा गठित कार्यदललाई फिल्डमा गई यथार्थ बुझी प्रतिवेदन पेश गर्न दिएको आदेश बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा देहाय बमोजिम गर्ने गराउने :

(क) निवेदक जग्गाधनी विकास आचार्यको साविक लहरेपौवा गा.वि.स. वडा नं. -३ हाल उत्तरगया गाउँपालिका वडा नं. ५ कि.नं. ९७ क्षे.फ. २-०-२-३ मा सबै जग्गा लिने भए मात्र दिने भनेकोमा भूगर्भविदले निर्धारण गरेको सिमा रेखा बाहिर क्षे.फ. ०-९-२-३ परेको जग्गामा सुरक्षित निजी आवासको प्रत्याभूति हुने गरी ढल, बाटो तथा खुलाक्षेत्र प्रयोजन लगायतको लागि प्रयोग गर्ने गरी उक्त कित्ता नं. ९७ क्षे.फ. २-०-२-३ मध्ये हाल फिल्डमा रहेको सडकको क्षे.फ. (०-३-२-३) कट्टा गरी बाँकी क्षे.फ. (१-१३-०-०) जग्गा प्राप्ती गर्न निर्देशन दिने।

(ख) निवेदक जग्गाधनी रोगनाथ घिमिरे, खो प्रसाद घिमिरेको साविक लहरेपौवा-३ हाल उत्तरगया गाउँपालिका वडा नं. ५ को कि.नं. १११४ र १११५ को जग्गा सबै लिनुपर्ने भनि उजुरी परेकोमा आंशिक जग्गा प्राप्त गर्ने भनि सूचना प्रकाशित गरिएकोमा निजहरुको उक्त कित्ताहरु मध्ये कित्ता नं. १११४ बाट क्षे.फ. ०-२-१-३ र कि.नं. १११५ वाट क्षे.फ. ०-१-०-० आना जग्गा एकिकृत बस्तीको बाटो, ढल र खुलाक्षेत्रका लागि उपयोग गर्न उपयुक्त देखिएकोले उक्त कित्ता नं. १११४ क्षे.फ. ०-१२-०-३ र कि.नं. १११५ क्षे.फ.०-१२-०-० पुरै प्राप्ती गर्न निर्देशन दिने ।

(ग) उजुरीकर्ता जग्गाधनी कमलनाथ घिमिरेको साविक लहरेपौवा वडा नं. ३ कि.नं. ९३ क्षे.फ. ०-१४-३-३ सूचना प्रकाशित गरेको जग्गा बेच्न अस्वीकार गरेको, पहिले पनि मन्जुरी नदिएको र सो जग्गा एकिकृत बस्तीको सीमातिरको जग्गा भएकोले सो जग्गा नलिदा आयोजनालाई असर नपर्ने भएकोले उक्त जग्गा रोक्का फुकुवा गर्न सम्बन्धित निकायमा लेखि पठाउने।

(घ) उजुरीकर्ता जग्गाधनी खुवा प्रसाद घिमिरेको साविक लहरेपौवा -३ हाल उत्तरगया वडा नं. ५ कि.नं. १०२ क्षे.फ.४-१-१-० जग्गा मध्येबाट आयोजनालाई उपयुक्त देखिएको क्षे.फ. २-१-०-० जग्गा प्राप्ती गर्न निर्देशन दिने ।

नि. सचिव

## निर्णय नं. ६

परम्परागत वस्ती पुनर्निर्माण कार्यक्रमको लागि काठमाडौंको साँखुमा ऐतिहासिक राजकूलो पुनर्निर्माण गर्न भूकम्पबाट प्रभावित संरचनाको पुर्ननिर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२ को दफा १४ अनुसार केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) बाट सिफारिश साथ पेश भएकोले माथि उल्लेखित रु.३,३९,७१,१८५।- (तीन करोड उनान्चालिस लाख एकहत्तर हजार एक सय पचासी मात्र) लागत अनुमान भएको परम्परागत वस्तीको पुनर्निर्माण कार्यक्रम उपभोक्ता समिति मार्फत गराउन स्वीकृति दिने।

## निर्णय नं. ७

एकिकृत वस्ती विकासको प्रारम्भिक योजना तर्जुमा स्वीकृति सम्बन्धमा पेश भएका प्रतिवेदनहरुमध्ये देहाय बमोजिम स्वीकृत गर्ने ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई भवनबाट सिफारिस सहित स्वीकृतिको लागि पेश हुन आएको प्रस्ताव "एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि,२०७५" को दफा ७ को उपदफा (२) बमोजिम रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं १ बोगटीटारमा " बोगटीटार (ख) एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन, रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं १ करुमर्याङमा " बोगटीटार (क) एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन, ओखलढुङ्गा जिल्ला विसंखुगढी गाउँपालिका वडा नं ८ मा " माङखा एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन, रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं ५ स्थित " बनुवाछाप एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन, रसुवा जिल्ला नौकुण्ड गाउँपालिका वडा नं १ स्थित " लाङबु एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन, मकवानपुर जिल्ला मनहरि गाउँपालिका वडा नं ४ स्थित "ट्वाङग्रा एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना प्रस्ताव, काभ्रेपलाञ्चोक जिल्ला चौरीदेउराली गाउँपालिका वडा नं २ स्थित "नाग्रे गगर्चे एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन, रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं ५ खाल्टेमा "तल्लो पैरे (खाल्टे) एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन र गोरखा जिल्ला धार्चे गाउँपालिका वडा नं लामावेशीमा "केरौजा एकिकृत बस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन स्वीकृत गर्ने।

नि. सचिव